# रत्ननगर राजपत्र

रत्ननगर नगरपालिकाद्वारा प्रकाशित

खण्डः ७ संख्याः ७ मितिः २०८१/०९/२६

## भाग–१

# आर्थिक ऐन

## २०८१ (प्रथम संशोधन)

### रत्ननगर नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

बकुलहर, चितवन

बागमती प्रदेश, नेपाल

## रत्ननगर नगरपालिका **आर्थिक ऐन २०८१ (प्रथम संशोधन)**

नगर सभाबाट पारित भएको मितिः २०८१।०९।२१

राजपत्रमा प्रकाशित मितिः २०८१।०९।२६

**प्रस्तावनाः**

रत्ननगर नगरपालिका आर्थिक ऐन, २०८१ लाई संशोधन गर्न वान्छनीय भएकाले रत्ननगर नगरपालिका नगर सभाले यो ऐन बनाएको छ।

१) **संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम रत्ननगर नगरपालिका आर्थिक ऐन (पहिलो संशोधन) २०८१ रहेको छ।(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

**रत्ननगर नगरपालिका आर्थिक ऐन, २०८१ को दफा २ र ३ मा संशोधन**: रत्ननगर नगरपालिका आर्थिक ऐन, २०८१ (यसपछि मूल ऐन भनिएको) को दफा २ र दफा ३ अन्तर्गत अनुसूची १ (क) अन्तर्गत **रत्ननगर नगरपालिकाका वडा नं. ६ (साविक बछौली २, ३ ख ७, ८ क ८ ख र ९)** को सम्पत्ति कर र भूमि कर (मालपोत) मा तपसिल बमोजिम संशोधन गरिएको।

**तपसिल**

| क्र. स. | वडाको वाटो क्षेत्र विवरण | साविकको सम्पत्ति कर कायम मुल्य | हालको सम्पत्ति कर कायम मुल्य |
|---|---|---|---|
| १ | टाईगर वाईल्डलाईफ (गणेशचोक) देखि हात्तिचोक, गैडाचोक हुँदै राप्ती ड्याम सम्म (साविक वछौली २) | १०,००,०००।- | ३३,००,०००।- |
| २ | वडा नं. ६ र ७ को सिमाना दोरङ्गी देखि बछौलीचोक (६ नं. वडा कार्यालय), निकुञ्ज मार्ग हुँदै राप्ती ड्याक सम्म (साविक वछौली ७,८।क, ८।ख र २) | १०,००,०००।- | ३३,००,०००।- |
| ३ | गैडाचोक देखि पूर्व मल्लुचोक (विनय कुमार चौधरी तथा गोविन्द चौधरीकव घर) सम्म (साविक वछौली २) | १०,००,०००।- | ३३,००,०००।- |
| ४ | हात्तिचोक देखि पश्चिम प्याराडाईज होटल सम्म (साविक वछौली ३।क र ३।ख) | १०,००,०००।- | ३३,००,०००।- |

| | | | |
|---|---|---|---|
| ५ | मल्लुचोक शिवचन्द्र महतोको घर देखि पूर्व वछौली स्कुलचोक सम्म (साविक वछौली २ र ८।क) | ६,००,०००।- | २४,००,०००।- |
| ६ | सौराहा गणेशचोक देखि ओशो मार्ग हुँदै ६ नं. वडा कार्यालयसम्म (साविक वछौली २) | ६,००,०००।- | २४,००,०००।- |
| ७ | माथि उल्लेख गरिए वाहेकका शाखा पिचबाटोका जग्गाहरु | ५,४०,०००।- | २०,००,०००।- |
| ८ | वडा नं. ६ का आवासीय जग्गा घडेरीहरु ग्रावेल जग्गा | ४,५०,०००।- | १३,५०,०००।- |
| ९ | वडा नं. ६ का कृषियोग्य वाटो भएका जग्गाहरु | ४,५०,०००।- | ८,००,०००।- |
| १० | वडा नं. ६ का वाटो नभएको जग्गाहरु | १,६०,०००।- | ५,५०,०००।- |

२) **मूल ऐनको दफा ४ मा संशोधन**: रत्ननगर नगरपालिका आर्थिक ऐनको दफा ४ अन्तरगत अनुसूची ३ मा पूर्व पशिचम राजमार्गको पशुपति पेट्रोलपम्पदेखि टिकौलीसम्म दायाँ वायाँका व्यापारिक सटर भाडा प्रति कोठा रु. ७,५००/- को सट्टा पूर्व पशिचम राजमार्गको पशुपति पेट्रोलपम्पदेखि टिकौलीसम्म दायाँ वायाँका व्यापारिक सटर भाडा प्रति कोठा रु.४,०००।-कायम गरिएको

३) **मूल ऐनको दफा ५ मा संशोधन**: : रत्ननगर नगरपालिका आर्थिक ऐनको दफा ५ अन्तरगत अनुसूची ४ मा तपसिल बमोजिम व्यवसाय कर थप गरिएको:

**तपसिलः**

**वार्षिक व्यवासय कर**

| क्र. सं | व्यवासायको विवरण | दर्ता शुल्क | नवीकरण शुल्क | व्यावसाय कर |
|---|---|---|---|---|
| १. | एस् आइ प्यानल प्रा. लि. | ५,०००।- | २,५००।- | २,७३,५००।- |
| २. | चाउचाउ उद्योग | ३,०००।- | १,५००।- | १,००,०००।- |
| ३. | तार जाली उद्योग | १,०००।- | ५००।- | १०,०००।।- |
| ४. | मसला उद्योग | ५००।- | ५००।- | १,०००।- |
| ५. | शिवशक्ती खाद्य उद्योग | ५,०००।- | २,५००।- | ७५,०००।- |
| ६. | इ.भि. चार्जिङ स्टेशन शुल्क प्रति प्वाइन्ट | ५,०००।- | २,५००।- | २,५००।- |

| | | | | |
|---|---|---|---|---|
| ७. | जुम्बा डान्स व्यवसाय | ३,०००।- | ३,०००।- | ५,०००।- |
| ८. | निजि फन पार्क | ५,०००।- | ५,०००।- | ५,०००।- |
| ९. | क्रसर/वालुवा उद्योग | २५,०००।- | २५,०००।- | १,००,०००।- |
| | क्रसर २५ घ.मि. रु. २०।- र अस्पाल्ट प्रति घ.मि. रु. १०।- कायम गरिएको। | | | |

४) **मूल ऐनको को दफा ९ मा संशोधन :** रत्ननगर नगरपालिका आर्थिक ऐनको दफा ९ अन्तर्गत अनुसूची ८ मा नीजि फन पार्कका लागि दर्ता/नविकरण शुल्क रु. ५,०००।- व्यवसाय कर रु. ५,०००।- थप गरिएको साथै विज्ञापन प्रायोजनका लागि विभिन्न स्थानमा गेट निर्माणका लागि प्रति गेट रु. ५,०००।- कायम गरी थप गरिएको।

५) **मूल ऐनको दफा ११ मा संशोधन**: **:** रत्ननगर नगरपालिका आर्थिक ऐनको दफा ११ अन्तरगत अनुसूची १० मा पार्किङ्ग निषेधित क्षेत्रमा पार्किङ्ग गरेवापत तपसिल बमोजिम जरिवाना थप गरिएको:

**तपसिल:**

| **विवरण** | **जरिवाना शुल्क** |
|---|---|
| हेभि सवारी साधन | ५००।- |
| चारपाङ्ग्रे सवारी साधन | ३००।- |
| तिनपाङ्ग्रे सवारी साधन, दुई पाङ्ग्रे सवारी साधन र ठेलागाडा | २००।- |

६) **रत्ननगर नगरपालिका आर्थिक ऐन, २०८१ को दफा १३ मा संशोधन:** रत्ननगर नगरपालिका आर्थिक ऐनको दफा १३ अन्तर्गत अनुसूची १२ मा तपसिल बमोजिम सेवा शुल्क तथा दस्तुर थप गरिएको:

**तपसिल:रत्ननगर नगरपालिकाको सौराहा सभागृह भाडा दर (प्रति दिनको)**

ठुलो हल- रु.३०,०००।-

सानो हल कुर्ची भएको – रु.१०,०००।-

कुर्ची नभएको सानो हल – रु.७,०००।-

आज्ञाले,

**सुकदेव लम्साल**

प्रमुख प्रशासकीय अधिकृत